बैठक नं. ५/(२०८२-२०८३)

आज मिति २०८२ साल पौष २३ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष वडा नं - १ | |
| ४ | श्री भीम बहादुर कार्की | वडा अध्यक्ष वडा नं - २ | |
| ५ | श्री लिला बहादुर शाह | वडा अध्यक्ष वडा नं - ३ | |
| ६ | श्री माधब चन्द | का.बा. वडा अध्यक्ष वडा नं - ४ | |
| ७ | श्री सेते रोकाय | का.बा. वडा अध्यक्ष वडा नं - ५ | |
| ८ | श्री शशिराम बुढा | वडा अध्यक्ष वडा नं - ६ | |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष वडा नं - ७ | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष वडा नं - ८ | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष वडा नं - ९ | |
| १२ | श्री भिम बहादुर कार्की | का.बा. वडा अध्यक्ष वडा नं – १० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष वडा नं – ११ | |
| १४ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष वडा नं – १२ | |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष वडा नं – १३ | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | |
| २२ | श्री गोपाल लोहार | कार्यपालिका सदस्य | |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | |
| २४ | श्री प्रकाश बटाला | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| २५ | दिनेश खड्का | वरिष्ट लेखा आधिकृत | |
| २६ | प्रमोद विष्ट | वरिष्ट शिक्षा अधिकृत | |
| २७ | यज्ञनाथ गौतम | विपद सम्पर्क व्यक्ति | |
| २८. | निर्मल डाँगी | ई. (अधिकृत) [illegible] | |
| | | | |

निर्णयहरु :-

१. यस अघि नगरकार्यपालिकाले गरेको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे सबै कार्यपालिका सदस्यहरुलाई जानकारी भयो ।

२. आर्थिक बर्ष २०८३/०८४ मा सङ्घीय सरकार बाट प्राप्त हुने समपुरक र विशेष अनुदान को प्रस्तावना पेश बारे कार्यपालिका सदस्यहरुलाई समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि , २०८२, र विशेष अनुदान सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८२ को अभिमुखिकरण भयो तथा सङ्घीय सरकार बाट प्राप्त हुने समपूरक अनुदान र विशेष अनुदान मागको लागि प्राथमिकरण सहितको निर्णय आगामि कार्यपालिका बैठकबाट गर्ने ।

३. आर्थिक बर्ष २०७९/८० मा यस नगरपालिका सगँ सम्झौता भई निर्माण भएको तपसिलको झोलङ्गे पुल हरुको सम्झौता बमोजिम नगरपालिकाको दायित्व सिर्जना भएको रकम यस चालु आर्थिक बर्ष २०८२/८३ को समपुरक बजेट शिर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने । साथै प्राप्त हुन वाकी अपुग रकम झोपु छेत्रगत कार्यक्रम सँग माग गर्ने ।

तपसिल:

| क्र.स. | झो.पु.को नाम | झो.पु. रहेको स्थान | नगरपालिकाले भुक्तानी गर्ने रकम (१३%) |
|---|---|---|---|
| १ | तिम्ले घट्टेखोला झो.पु. निर्माण | भेरी नगरपालिका २, जाजरकोट | ६७०३३८.५४ |
| २ | घाग्रीखोला झो.पु. निर्माण | भेरी नगरपालिका ६, जाजरकोट | ६१९६२१.९० |

अस्मिता चन्द मल्लको कि.नं. २९५ र २९६

४. भेरी नगरपालिका वडा नम्बर १२ को श्री प्रसादे लुहारको कि.न.२६१,२६२ र श्री अते कामीको कि.न. २९५,२९६,३०२,३०३,२९९,१६१४ को जग्गाहरु यस नगरपालिकाको भू-उपयोग वर्गीकरण योजना अन्तर्गको आवासिय जग्गाहरु कृषि क्षेत्र अन्तर्गत परेकोले आवासिय क्षेत्र अन्तर्गत नै कायम गर्ने ।

५. विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुननिर्माण तथा पुनस्थापन अनुदान कार्यविधि , २०८१ को दफा ८ को उपदफा (६) बमोजिम लाभग्राहीहरुले निजी आवास पुननिर्माण गर्नुअघि स्वीकृत मापदण्ड बमोजिम नक्सा तथा डिजाइन अनिवार्य स्वीकृत गराउनु पर्ने ।

६. जापान सरकारको आर्थिक सहयोगम UNDP नेपालद्वारा सञ्चालित जाजरकोट भूकम्प पुनर्लाभ परियोजना अन्तर्गत यस नगरपालिकामा सञ्चालन हुने क्रियाकलाप तथा गतिविधिमा तपसिल बमोजिम गर्ने ।

क) कृषि तथा पशुसेवा केन्द्र , स्याउली बजार वडा नम्बर ७ को लागि साइट Clear गर्ने ।

ख) तिमिले खोपकेन्द्र निर्माणको लागि श्री नेपाल राष्ट्रिय प्रा वि विद्यालयको परिसर प्रयोगको लागि स्वीकृती दिने ।

ग) मौरिपालन कार्यक्रम भेरी नगरपालिका वडा नम्बर १ र २ मा सञ्चालन गर्ने ।

घ) सामुदायिक सुविधा केन्द्र निर्माणको लागि वडा नम्बर १३ को समन्वयमा श्री भगवती माध्यामिक विद्यालयको (पुरानो विद्यालय रहेको स्थान) को जग्गा उपलब्ध गराउने ।

ङ) स्याउली बजार केन्द्र निर्माणको लागि स्याउली बजार खेलकुद मैदानको पश्चिम भागको जग्गा उपलब्ध गराउने।

च) वडाले तोकेको जग्गामा भेडेखर्क सिँचाई पोखरी निर्माणका लागि स्वीकृती प्रदान गर्ने।

७. भेरी नगरपालिकाको आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि (पहिलो संशोधन,२०८२) स्वीकृत गर्ने।

८. कर्णाली प्रदेश सरकार, कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा प्रकाशित सूचना अनुसार आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रममा समावेश गरिएको "स्थानीय तहमा एकीकृत सेवा प्रवाह (One Stop Service Delivery - OSSD) स्थापना तथा सञ्चालन (अफिस अटोमेसन सहित)" कार्यक्रम यस नगरपालिकामा सञ्चालन गर्न उपयुक्त र आवश्यक देखिएको साथै सञ्चालन गर्दा सेवा प्रवाहलाई प्रभावकारी, नागरिकमैत्री, पारदर्शी तथा प्रविधिमैत्री बनाउन सहयोग पुग्ने देखिएको हुँदा देहाय बमोजिम निर्णय गरियो।

क) यस नगरपालिका उक्त OSSD कार्यक्रम अन्तर्गत समावेश हुन इच्छुक रहेको तथा कार्यक्रम कार्यान्वयन गर्न पूर्ण सहमति व्यक्त गर्ने ।

ख) OSSD स्थापना तथा सञ्चालनका लागि आवश्यक लागत सहभागिता नगरपालिकाबाट व्यहोर्ने प्रतिबद्धता व्यक्त गर्ने।

ग) OSSD स्थापना तथा कार्यान्वयनका लागि आवश्यक नीति, कार्यविधि तथा निर्देशिका निर्धारित समय भित्र निर्माण तथा लागू गर्ने र प्रतिबद्धता जनाउने।

घ) OSSD को निरन्तरता, दिगोपना र प्रभावकारी सञ्चालनका लागि मर्मत सम्भार शीर्षकमा आगामी आर्थिक वर्ष देखि आवश्यक बजेट व्यवस्था गर्ने।

ङ) OSSD को दिगो सञ्चालन तथा व्यवस्थापनकाका लागि यस नगरिपालिकाको सूचना प्रविधि शाखामा कार्यरत सूचना प्रविधि तथा विधुतिय शासन सम्बन्धि ८ वर्ष भन्दा बढी अनुभव भएका ईन्जिनियर श्री सूर्य प्रसाद लम्साललाई सम्पर्क व्यक्ति तोक्ने।

च) कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा प्रकाशित सूचना बमोजिम पालिकाको आधिकारिक हस्ताक्षरसहित माग पत्र तथा आवश्यक कागजात पेश गर्ने ।

९. चालु आ.व. को हिउदे नगरसभा (विधायन सभा) निम्नानुसार सम्पन्न गर्ने।

- कार्यपालिका बैठक मिति : २०८२।१०।११ गते ११:00 बजे
- सभा संचालन तथा सम्पन्न मिति : २०८२।१०।१५ गते।

१०. जाजरकोट बहुप्राविधिक शिक्षालय भेरी नगरपालिका – ०५ काफलचौर को मिति २०८२/०९/२१ गतेको सिफारिसपत्र बाट जानकारी हुन आएको विद्यार्थि तथा शिक्षकहरुको आवशको लागि आवश्यक करिव १५० जन सम्म छात्रछात्राको आवाशको लागि पुग्ने गरी करिव तिन करोड लागतको २ वटा भवन मागको लागि कर्णाली प्रदेश आन्तरिक मामिला तथा योजना मन्त्रालयमा आर्थिक बर्ष २०८३/८४ को बजेट तथा कार्यक्रममा समावेश गर्न अनुरोध